# विवाहित महिलाहरू माथि हुने घरेलु हिंसा

**(पोखरा महानगरपालिका-७, राष्ट्र बैंक टोल एक अध्ययन)**

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय अन्तर्गत

समाजशास्त्र विभागमा समाजशास्त्र विषयको

स्नातकोत्तर शोधपत्रको लागि प्रस्तुत

## शोध पत्र


**शोधार्थी**

दिपा रंजित

रोल नं.: १३१/०६९

त्रि.वि.दर्ता नं.: ९-२-४८-१३४६-२००९



त्रिभुवन विश्वविद्यालय

मानविकि तथा सामाजिक शास्त्र संकाय

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

२०७६

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्रा दिपा रंजितद्वारा "विवाहित महिलाहरू माथि हुने घरेलु हिंसा" विषयक प्रतुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । यस शोध कार्यबाट म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति :

.............................

अञ्चला चौधरी

शोध निर्देशक

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत, समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त छात्रा दिपा रंजितले यस विभागमा प्रस्तुत गर्नुभएको “विवाहित महिलाहरू माथि हुने घरेलु हिंसा” पोखरा महानगरापालिका वडा नं. ७ राष्ट्र बैंक टोलमा आधारित रही तयार पारिएको शोधपत्र मूल्याङ्कन समिति समक्ष पेश भई स्वीकृति प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| ................................... | ........................................ | ................................ |
|---|---|---|
| अञ्चला चौधरी | प्रा.डा. विश्व कल्याण पराजुली | श्रीधर पोखेल |
| शोध निर्देशक | विभागीय प्रमुख | बाह्य प्रशिक्षक |

मिति : २०७६/ /

# कृतज्ञताज्ञापन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय अन्तर्गत पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा मानवशास्त्र विभागको स्नातकोत्तर तह दशौँ पत्रको प्रयोजनको लागि तयार पारिएको हो । यसको शीर्षक विवाहित महिलाहरू माथि हुने घरेलु हिंसामा आधारित रहेको छ । पोखरा महानगरपालिका वडा नं. ७, राष्ट्र बैंक टोलका बासिन्दाहरू यस अध्ययनको माध्यम बनेको छ । मेरो शोधपत्र लेखन क्रममा आफ्नो अमूल्य समय दिएर शोध कार्यलाई वस्तुपरक बनाउन आवश्यक सल्लाह सुझाव दिई मार्ग निर्देशन गर्नुहुने आदरणीय गुरु विश्वकल्याण पराजुलीज्यू प्रति हृदय देखिनै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै यो शोधपत्रको कार्य सम्पन्न गर्न अमूल्य सुझाव र सहयोग उपलब्ध गराउनु हुने अञ्चला चौधरीज्यूप्रति र बाह्य परिक्षक श्रीधर पोखेलज्यूप्रति हार्दिक धन्दयवाद ज्ञापन गर्न चाहन्छु ।

यो अध्ययनको लागि तथ्याङ्क संकलन गर्ने कार्यमा सहयोग गर्ने राष्ट्र बैंकमार्ग वडा नं. ७ का उत्तरदाता महिलाहरूलाई पनि धन्यवाद दिन चाहन्छु । साथै मलाई उच्च शिक्षा अध्ययनको लागि यस खुट्किलोसम्म पुऱ्याउने मेरो बाबा आमा प्रति हार्दिक आभार व्यक्त गर्दछु । विविध समस्यासँगै जुद्दै मलाई यस स्तरसम्म हरेक समयमा मलाई साथ दिने मेरो प्रिय बहिनी दिपीका रञ्जित प्रति पनि आभार व्यक्त गर्दछु र मेरो यस अध्ययनको क्रममा निर्देशन दिने मेरो साथी रति थापालाई पनि हृदय देखिनै आभार व्यक्त गर्दछु र अन्त्यमा कम्प्युटर टाइपिङ्ग र प्रिन्टिङ्ग गर्न सहयोग गर्ने एभरेष्ट कम्प्युटर सेन्टर प्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

**दिपा रंजित**

# विषय सूची

| | | |
|---|---|---|
| | | पृष्ठ |
| **अध्याय एक : अध्ययनको परिचय** | | **१-५** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको उद्देश्यहरू | ४ |
| १.४ | अध्ययनको महत्व | ४ |
| १.५ | शब्दावली परिभाषा | ४ |
| १.६ | अध्ययनको सिमाहरू | ४ |
| १.७ | अध्ययनको औचित्य | ५ |
| **अध्याय दुई : साहित्य समिक्षा** | | **६-१७** |
| २.१ | अवधारणागत हिंसावलोकन | ६ |
| २.२ | सैद्धान्तिक पुनरावलोकन | ७ |
| २.३ | पूर्व अध्ययनको समीक्षा | १३ |
| २.४ | पूर्व अध्ययनको समिक्षा | १३ |
| **अध्याय तीन : अनुसन्धान विधी** | | **१८-२०** |
| ३.१ | अनुसन्धान क्षेत्र छनौटको औचित्य | १८ |
| ३.२ | अनुसन्धानको ढाँचा | १८ |
| ३.३ | तथ्याङ्कको प्रकृति र स्रोत | १८ |
| ३.४ | तथ्याङ्क संकलनको विधि | १९ |
| | ३.४.१ प्रश्नावली अनुसूची | १९ |
| | ३.४.२ अवलोकन | १९ |
| | ३.४.३ वैयक्तिक अध्ययन | १९ |
| ३.५ | तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण | २० |
| **अध्याय चार : अध्ययन क्षेत्रको परिचय** | | **२१-३०** |
| ४.१ | अध्ययन क्षेत्रको परिचय | २१ |
| ४.२ | अध्ययन क्षेत्र राष्ट्र बैंक मार्गको परिचय | २२ |
| ४.३ | उत्तरदाताहरूको सामाजिक, साँस्कृतिक अवस्था | २२ |

४.३.१ उत्तरदाताहरूको उमेर संरचना २२
४.३.२ शैक्षिक योग्यता अनुसार हिंसाको अवस्था २३
४.३.३ महिलाहरूको पेशा र व्यवसाय २५
४.३.४ धार्मिक संरचनाको आधारमा महिलाको अवस्था २६
४.३.५ परिवार संरचनाको आधारमा महिलाको अवस्था २६
४.३.६ पारिवारिक स्थितिको आधारमा महिलाको अवस्था २९
**अध्याय पाँच : विवाहित महिला माथिको घरेलु हिंसा र कारणहरू ३१–३९**
५.१ हिंसाको प्रकार ३१
५.२ उत्तरदाताहरूमा हिंसा सम्बन्धी ज्ञान ३३
५.३ पारिवारिक सम्बन्धका आधारमा हिंसा ३४
५.४ महिला हिंसाको मुख्य कारणहरू ३५
**अध्याय छ : घरेलु हिंसामा पर`का महिलाको स्थिति र धारणा ४०–४२**
६.१ उत्तरदाताहरूको घरेलु हिंसाको अवस्था र विश्लेषण ४०
६.२ पिडित महिलाको पिडाको अभिव्यक्ति ४३
६.३ पिडित महिलाले उजुरी नगर्नुको कारण ४४
**अध्याय सात : हिंसा पिडित महिलाको वैयक्तिक अध्ययन ४५–४८**
**अध्याय आठ : सारांश, निष्कर्ष र सुझाव ४९–५५**
८.१ सारांश ४९
८.२ निष्कर्ष ५३

***सन्दर्भ सूची***

# तालिका सूची

| तालिका | | पृष्ठ |
| --- | --- | --- |
| ४.१ | उत्तरदाता महिलाहरूको उमेर समूह | २३ |
| ४.२ | शैक्षिक योग्यता अनुसारको हिंसाको अवस्थाको विवरण | २४ |
| ४.३ | महिलाहरूको पेशागत अवस्था | २५ |
| ४.४ | महिलाहरूको धार्मिक संरचना | २६ |
| ४.५ | महिलाहरूको धार्मिक संरचना | २८ |
| ४.६ | पारिवारिक स्थितिको आधारमा उत्तरदाताको अवस्थाको विवरण | २९ |
| ५.१ | पारिवारिक स्थितिको आधारमा उत्तरदाताको अवस्था | ३२ |
| ५.२ | उत्तरदाताहरूमा हिंसा सम्बन्धी ज्ञानको अवस्था | ३३ |
| ५.३ | उत्तरदाताहरूमा पारिवारिक सम्बन्धका आधारमा हिंसाको अवस्था | ३४ |
| ५.४ | महिलाहरूको हिंसाको कारणहरूको अवस्था | ३८ |
| ६.१ | उत्तरदाताहरूको घरेलु हिंसाको अवस्था | ४० |
| ६.२ | पिडित महिलाले आफ्नो पिडा व्यक्त गर्ने निकायको विवरण | ४३ |
| ६.३ | पिडित महिलाले उजुरी नगर्नुको कारणको विवरण | ४४ |

# संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| इन्सेक | : | अनौपचारिक क्षेत्र सेवा केन्द्र |
| एफ डब्लु एल डी | : | महिला कानुन र विकास मञ्च |
| डब्लु एच ओ | : | विश्व स्वास्थ्य संगठन |
| पो.म.न.पा | : | पोखरा महानगरपालिका |
| भि.ए.डब्लु | : | महिला विरुद्धको हिंसा |
| युएन | : | संयुक्त राष्ट्र संघ |
| युएनडिपि | : | संयुक्त राष्ट्रि संघीय विकास योजना |
| युनीसेफ | : | संयुक्त राष्ट्र संघीय बाल कोष |
| वि.सं. | : | विक्रम सम्वत |
| साथी, नेपाल | : | महिला विरुद्ध हुने हिंसाबारे अध्ययन गर्ने गैह्र सरकारी संस्था |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |

# शोधसार

प्रस्तुत शोध विवाहित महिलाहरू माथि हुने घरेलु हिंसाको विषयमा पोखरा-७, राष्ट्र बैंक मार्गका ७२ घरहरूमा एक विवाहित महिलामा गरिएको हो । नेपालको आधा भाग भन्दा बढी संख्या ओगटे पनि यो पुरुषप्रधान समाज हो । महिलाहरूमा मानसिक, शारिरीक र संवेगात्मक किसिमका विभिन्न घरेलु हिंसा भइरहेको अवस्था छ । यस शोधको मुख्य उद्देश्य त्यहाँ बसोबास गर्ने विवाहित महिलाहरू माथि हुने घरेलु हिंसाको बारेमा पहिचान गरी किन हिंसा भएको रहेछ भनेर कारण खोजी गरी त्यसको प्रभाव र असर खोजी गर्नु रहेको थियो । यस शोध कार्यले विवाहित महिलाहरू माथि हुने घरेलु हिंसालाई देखाउदछ यसको साथै कारण पनि खोजी गर्दछ । यस अध्ययनको सिमाहरूमा प्रत्येक विवाहित महिलाहरूलाई प्रतिनिधिको रूपमा चयन गरिएको छ । जाति, शिक्षा, उमेर आदिको आधारमा पनि घरेलु हिंसाहरू फरक फरक रहेको हुन्छ । राष्ट्र बैंक मार्गको विवाहित महिलाहरूमा के कस्तो घरेलु हिंसा भएको छ भन्ने बारेमा अध्ययन गरिएको छ । आफ्नै टोलको महिलाहरूमा के कस्तो हिंसा रहेको छ भन्ने बारेमा जान्ने उत्सुकताले गर्दा र आफैले पनि समाजमा धेरै देखेको कारण मैले यो शोध कार्य गरेको हो । अध्ययनको ढाँचा वर्णानात्मक तथा अन्वेषणात्मक विधि छनोट गरिएको छ । यस अध्ययनमा गुणात्मक र संख्यात्मक तथा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । यस अध्ययनसँग सम्बन्धित राष्ट्र बैंक मार्गमा ७२ घरधुरी रहेको छ जसमा प्रत्येक घरको १/१ विवाहित महिलाहरू उद्देश्यमूलक नमूना छनौट गरी गरिएको छ । यस अनुसन्धानबाट पत्ता लगेको परिमाणले भविष्यमा विवाहित महिलाहरू माथि हुने घरेलु हिंसा सम्बन्धी अनुसन्धान गर्ने व्यक्तिलाई मार्ग देखाउनेछ । साथै महिलाहरूमा दिन प्रतिदिन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट भइरहेको वर्तमान परिपेक्षमा यो क्षेत्र पनि अछुतो रहेको छैन । यस अध्ययनको सिलसिलामा २०७६ सालमा स्थलगत सर्वेक्षण गरी विवाहित महिलाहरू माथि हुने घरेलु हिंसाका विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अन्तर्गत अर्न्तवार्ता अनुसूची, व्यक्तिगत अध्ययन, द्वितीय तथ्याङ्क विधि अन्तर्गत विभिन्न विद्वानहरूबाट प्रकाशित पुस्तक, लेख, रचना जस्ता सामग्री प्रयोग गरी लैङ्गिक सिद्धान्तमा आधारित गरी यो शोध कार्य अघि बढाइएको छ । महिलाहरू शिक्षामा पछि नै परेको देखिन्छ । विवाहित महिलाहरूलाई मानसिक, शारीरिक र संवेगात्मक असर परेको स्थिति छ । हिंसालाई प्रभाव पार्ने तत्वहरूमा शिक्षा, रोजगार, उमेर, जाति आदि रहेका छन् ।